मायादेवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
पकडी, कपिलवस्तु,
लुम्बिनी प्रदेश, नेपाल

मिति २०८२।०६।२९ को गाउँ कार्यपालिकाको निर्णयबाट स्वीकृत

विद्यालय समायोजन , एकीकरण तथा शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०८२

मायादेवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
पकडी, कपिलवस्तु

xy Jump2

मिति २०८२।०६।२९ को गाउँ कार्यपालिकाको निर्णयबाट स्वीकृत

विद्यालय समायोजन , एकीकरण तथा शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०८२

प्रस्तावना: मायादेवी गाउँपालिका क्षेत्रभित्र प्रारम्भिक बाल कक्षादेखि कक्षा १२ सम्मको विद्यालयीय शिक्षालाई गुणस्तरीय र समयानुकूल बनाउन दुई वा दुईभन्दा बढी विद्यालयहरूलाई एउटा विद्यालयमा गाभी विद्यालय समायोजन र विद्यार्थी संख्याको अनुपातमा शिक्षक व्यवस्थापन गर्न दरबन्दी मिलान सम्बन्धी कार्यलाई व्यवस्थित रूपमा अगाडि बढाउनका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को (ज) र गाउँ शिक्षा नियमावली,२०७५ को नियम २० को उपनियम (१) ले दिएको अधिकार प्रयोग गरी मायादेवी गाउँपालिकाले यो कार्यविधि जारी गरेको छ।

परिच्छेद– १

संक्षिप्त नाम र प्रारम्भ

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस कार्यविधिको नाम विद्यालय समायोजन , एकिकरण तथा शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०८२ रहेको छ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि गाउँपालिका अन्तर्गतका विद्यालयहरुमा लागु हुनेछ।

२. विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क) "मन्त्रालय" भन्नाले शिक्षा, विज्ञान तथा प्रबिधि मन्त्रालय सम्झनु पर्छ।

(ख) "केन्द्र" भन्नाले शिक्षा तथा मानव स्रोत विकास केन्द्र सम्झनु पर्छ।

(ग) "ऐन" भन्नाले शिक्षा ऐन, २०२८(संशोधनसहित) सम्झनु पर्दछ।

(घ) "नियमावली" भन्नाले शिक्षा नियमावली, २०५९ (संशोधन सहित) सम्झनु पर्दछ।

(ङ) "गाउँ शिक्षा नियमावली" भन्नाले मायादेवी गाउँपालिकाको गाउँ शिक्षा नियमावली,२०७५ सम्झनु पर्छ।

(च) "विद्यालय समायोजन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को (ज) अनुसार दुई वा दुई भन्दा वढी विद्यालयहरू एक आपसमा गाभ्ने वा एक आपसमा गाभी नयाँ विद्यालय स्थापना गर्ने वा विद्यालयको तह वा कक्षा घटाउने बढाउने वा विद्यालय बन्द गर्ने समेतको कार्यलाई जनाउँछ।

(छ) "दरबन्दी मिलान" भन्नाले विद्यार्थी संख्या कम भई विद्यालय समायोजन भएका र यस कार्यविधि बमोजिम शिक्षक विद्यार्थी अनुपात कम भएका शिक्षकहरुलाई दरबन्दी कम भएका वा कुनै प्रकारको दरबन्दी नभएका विद्यालयहरुमा

नरेन्द्र यादव
प्रमुख प्रशासकीय अधिकृत

वलीउद्दीन मुस
मायादेवी गा.प

व्यवस्थापन गर्ने कार्यलाई सम्झनु पर्दछ । सो शब्दले कार्यविधिमा उल्लेखित मापदण्ड बमोजिम पालिकाभित्र शिक्षक तथा कर्मचारी सरुवा तथा व्यवस्थापन समेतलाई जनाउँछ ।

(ज) "गाउँपालिका" भन्नाले मायादेवी गाउँपालिकालाई सम्झनु पर्दछ ।

(झ) "गाउँ शिक्षा समिति" भन्नाले मायादेवी गाउँपालिकाको शिक्षा नियमावली,२०७५ को नियम २४ बमोजिम गठन भएको समितिलाई सम्झनु पर्दछ ।

(ञ) "समिति" भन्नाले विद्यालय समायोजन,एकीकरण तथा शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापनका लागि दफा १५ बमोजिम गठन भएको समितिलाई जनाउँछ ।

(ट) "शिक्षक" भन्नाले मायादेवी गाउँपालिका अन्तर्गत संचालित सामुदायिक विद्यालयमा कार्यरत स्थायी, राहत अनुदान, ,सहायक प्रशिक्षक तथा प्रशिक्षक, शिक्षण सिकाइ अनुदान, अन्य संघिय अनुदानमा नियुक्त सबै खाले शिक्षक, गाउँपालिका स्वयंसेवक शिक्षक, गाउँपालिका शिक्षण सहयोग अनुदानमा कार्यरत शिक्षकलाई जनाउँछ । सो शब्दले सामुदायिक तथा धार्मिक विद्यालयमा अनुदानमा कार्यरत शिक्षक तथा बालविकास सहजकर्ता समेतलाई जनाउँछ ।

(ठ) "कर्मचारी" भन्नाले सामुदायिक विद्यालयमा कार्यरत विद्यालय सहायक र विद्यालय सहयोगी कर्मचारी सम्झनु पर्छ ।

(ड) "दरबन्दी" भन्नाले सामुदायिक विद्यालयमा नेपाल सरकारबाट प्राप्त भएको स्वीकृत दरबन्दी सम्झनु पर्छ र सो शब्दले राहत अनुदान समेतलाई जनाउँछ ।

(ढ) "इकाइ" भन्नाले शिक्षा विकास तथा समन्वय इकाइ, कपिलवस्तु सम्झनु पर्छ ।

(ण) " प्रमुख प्रशासकीय अधिकृत " भन्नाले मायादेवी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउँछ ।

(त) " शिक्षा अधिकृत" भन्नाले मायादेवी गाउँपालिकाको शिक्षा अधिकृतलाई जनाउँछ ।

(थ) " गाउँ कार्यपालिका" भन्नाले संविधान बमोजिम गठन भएको मायादेवी गाउँपालिकाको कार्यपालिकालाई जनाउँछ ।

परिच्छेद–२

विद्यालय समायोजन तथा एकीकरण सम्बन्धी व्यवस्था

३. विद्यालय समायोजन गर्ने आधारहरु: (१) गाउँपालिकाले आफ्नो क्षेत्रमा रहेका विद्यालयहरु समायोजन एवम् एकीकरणका गर्दा देहायका आधारहरु बमोजिम गर्नेछः-

नसीउद्दीन मुसलमान
अध्यक्ष
मा.पा.अध्यक्ष

नरेन्द्र यादव
प्रमुख प्रशासकीय अधिकृत

क) विद्यालय आवातजावत गर्न लाग्ने समय: विद्यालयहरुबीचको दूरी ५ किलोमिटर भन्दा कम भई आधा घण्टा भन्दा कम पैदल यात्राको समय लाग्ने वा सडक यातायातको पहुँच भई स्कुल बस प्रयोग गरी विद्यालय आउन जान एकतर्फी आधा घण्टा भन्दा कम समय लाग्ने विद्यालयहरु,

ख) विद्यार्थी संख्या: भौगोलिक क्षेत्र अनुसार तहगत रुपमा देहाय अनुसारको विद्यार्थी संख्या नभएका नजिकैका विद्यालयहरु,

विद्यालयको तह	न्यूनतम विद्यार्थी संख्या	कैफियत
बालविकास केन्द्र	२०	
कक्षा १-३	६०	
कक्षा १-५	१००	
कक्षा ६-८	६०	
कक्षा ९-१०	४०	
कक्षा ११-१२	४०	

ग) जनसंख्या: जनसङ्ख्या वृद्धि दर कम भएको, जनसङ्ख्या वृद्धि घट्दो दरमा भएको र भविष्यमा पनि जनसङ्ख्या नबढ्ने खालको समुदायमा स्थापना भएका दुई वा सोभन्दा बढी विद्यालयहरू ,

घ) माध्यमिक तहमा ठूला विद्यालय (Big School) संचालन गर्न: समुदायमा नजिक नजिकको दूरीमा संचालनमा रहेका र समुदायको पहल र चाहना अनुसार माध्यमिक तहको ठूला विद्यालय संचालन गर्न सहमत भएका दुई वा सो भन्दा बढी विद्यालयहरु आपसमा समायोजन गरी पर्याप्त भौतिक पूर्वाधार, जनशक्ती र आवश्यक सिकाइ वातावरण सहितको ठूला सार्वजनिक माध्यमिक विद्यालय संचालन गर्न,

ङ) नमुना विद्यालय विकास: दुई वा दुई भन्दा बढी विद्यालयहरु एक आपसमा समायोजन गरी सार्वजनिक विद्यालयलाई स्थानीय समुदायको आकर्षणको केन्द्र बनाउन गाउँपालिकाको निर्णय बमोजिम उत्कृष्ट विद्यालयका रुपमा नमुना विकास विकास गर्न,

च) विद्यालय नक्शाङ्कन: गाउँपालिकाले हाल संचालनमा रहेका सार्वजनिक तथा संस्थागत विद्यालयहरुको उचित व्यवस्थापनका लागि जिपिएस पद्धतिमा आधारित नक्शाङ्कन तयार गरी दीर्घकालिन रुपमा विद्यालयहरुको पुनर्व्यवस्थापन गर्न,

वलीउद्दीन सुफ्यान
मायादेवी गा.पा.अध्यक्ष

नरेन्द्र यादव
प्रमुख प्रशासकीय अधिकृत

alaxy Jump2

(छ) दुई वा दूई भन्दा वढी विद्यालय गाभी नयाँ विद्यालय स्थापना गर्न, ठाउँ परिवर्तन गर्न वा तह तथा कक्षा घटाउँनका लागि सम्वन्धित विद्यालय र स्थानीय तहको रायमा गाउँ शिक्षा समितिले तोकिएको स्थानमा विद्यालय स्थापना वा कक्षा तथा तह घटाउने कार्य गर्नेछ।

(ज) विद्यालय गाभिए पछि कायम भएको विद्यालयको नाममा गाभिने विद्यालयहरूको सबै चल अचल सम्पत्ति दाखिल खारेज गरी नयाँ कायम हुने विद्यालयको नाममा कायम गर्नका लागि गाउँ कार्यपालिकाको सिफारिसमा मालपोत कार्यालयमा पठाउनु पर्नेछ।

(झ) खण्ड (ज) बमोजिम सम्पत्ति दाखेल खारेज भएको ब्यहोराको जानकारी गाउँपालिकाले इकाइ, केन्द्र र मन्त्रालयलाई दिनु पर्नेछ।

(ञ) एक भन्दा बढी प्रारम्भिक बालकिास केन्द्र भएका विद्यालय र हाल समुदायमा सञ्चालनमा रहेका बालविकास केन्द्र नजिकको बालविकास केन्द्र नभएको विद्यालयमा गाउँ शिक्षा समितिले गाभ्नको लागि सिफारिश गरिनेछ । गाभिएको बालविकास केन्द्रमा काम गर्ने सहयोगी कार्यकर्ता स्वतः समायोजन हुने गरी व्यवस्थापन गरिने छ।

(ट) गाउँपालिकाभित्र सञ्चालित दुई वा दुई भन्दा बढी संस्थागत विद्यालयहरुले विद्यालय गाभ्नका लागि विद्यालय व्यवस्थापन समितिको सिफारिस सहित माग भै आएमा गाउँ कार्यपालिकाले त्यस्ता विद्यालयहरुलाई गाभ्न सक्ने छ।

(ठ) खण्ड (ट) मा जुनसुकै कुरा लेखिएको भएतापनि गाउँपालिकाभित्र सञ्चालनमा रहेका संस्थागत विद्यालयहरुले प्रचलित शिक्षा ऐन तथा नियमावली र गाउँ शिक्षा ऐन तथा नियमावलीले निर्धारण गरेको न्यूनतम पूर्वाधार पूरा नगरेमा गाउँ शिक्षा समितिले त्यस्ता विद्यालयहरुको स्थलगत अनुगमन गरी नियमानुसार न्यूनतम पूर्वाधार भएको नपाएमा विद्यालयको सञ्चालकलाई जानकारी दिई कक्षा घटाउन वा विद्यालय गाभ्न वा बन्द गर्न सक्नेछ।

(ड) संस्थागत विद्यालयहरुले साविकको जिल्ला शिक्षा कार्यालय वा गाउँपालिकाबाट प्राप्त अनुमति अनुसारको तह वा कक्षा सञ्चालन गरेको नपाईएमा गाउँ शिक्षा समितिले त्यस्ता विद्यालयको सञ्चालनमा नआएको तह वा कक्षा घटाउन सक्नेछ।

(२) गाउँपालिकाले माथि उल्लेखित विद्यालय समायोजनका आधारहरुमा रही विद्यालयको वास्तविक विद्यार्थी संख्याको यकिन गरी गाउँ शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाको निर्णय अनुसार विद्यालय समायोजन गर्न सक्नेछ।

(३) गाउँपालिकाले विद्यालय समायोजन तथा एकिकरण गरी त्यसको जानकारी इकाइ र केन्द्रमा समेत दिनुपर्ने छ।

४. विद्यालयको स्तर वृद्धिका लागि हुने समायोजनः (१) आधारभूत र माध्यमिक विद्यालयका रुपमा हाल सञ्चालनमा रहेका तर स्तर वृद्धि गर्न आवश्यक देखिएका र समायोजनका लागि आधार पूरा नभएका विद्यालयका लागि निम्न लिखित विकल्प छनोट गर्न दिई समायोजन गरिनेछः,

Galaxy Jump2

(क) कक्षा १–३ सम्म सञ्चालन हुने प्रारम्भिक विद्यालयका रूपमा स्तर वृद्धि गर्ने न्यूनतम आधार पूरा नभएका विद्यालयले समुदाय र स्थानीय निकायसँगको सहकार्यमा प्रारम्भिक बाल विकास केन्दको रुपमा सञ्चालन हुने विकल्प छान्न पाउनेछन् ।

(ख) कक्षा १–५ सम्म सञ्चालन हुने विद्यालयका रुपमा स्तर वृद्धि गर्न आधार पूरा नभएका विद्यालयले कक्षा १–३ सम्मको प्रारम्भिक आधारभूत विद्यालयका रुपमा सञ्चालनमा रहन पाउनेछन् ।

(ग) कक्षा १–८ सम्म सञ्चालन हुने आधारभूत विद्यालयका रूपमा स्तर वृद्धि भई सञ्चालनमा आउन आधारहरू पूरा नभएका विद्यालयले आधारभूत तह कक्षा १–५ का रूपमा सञ्चालन हुन पाउनेछन् ।

(घ) कक्षा ९–१० सम्म सञ्चालन हुने माध्यमिक विद्यालयको रुपमा स्तरवृद्धि भई सञ्चालनमा आउन आधारहरू पूरा नभएका विद्यालयले आधारभुत विद्यालयको रुपमा सञ्चालन हुन पाउने छन् ।

(ङ) कक्षा ११– १२ सम्म अनुमति÷स्वीकृति लिई न्यून विद्यार्थी भई आधारभूत भौतिक सुविधा समेत नभएका विद्यालयहरू कक्षा १० सम्म माध्यमिक विद्यालयको रुपमा सञ्चालन हुन पाउने छन् ।

५. समायोजन हुने वा गाभिएका विद्यालयको नामाकरण: (१) दुई वा दुई भन्दा बढी विद्यालयहरू आपसमा गाभीएर नयाँ ठाउँमा विद्यालय स्थापना हुने भएमा राष्ट्रियता, स्थानियता र ऐतिहासिकता झल्किने साविकको नाम वा नयाँ नाम राख्न सकिनेछ, तर, नियमावलीको नियम १५४ को विद्यालयको नामाकरण सम्बन्धी ब्यवस्था अनुसार कुनै ब्यक्ति, स्मारक वा ऐतिहासिक चीजवस्तुको नामबाट विद्यालयको नाम राखिएको रहेछ भने ब्यक्ति, स्मारक वा ऐतिहासिक चीजवस्तुको नामबाट विद्यालयको नाम राख्नुपर्नेछ ।

(२) समायोजन हुने वा गाभिने विद्यालयका सरोकारवाला समुदायले स्थानीय निकाय र गाउँपालिकाको सिफारिसमा गाभिएको विद्यालय भवनमा शिशु कक्षा, वैकल्पिक शिक्षा, सामुदायिक सिकाइ केन्द्र वा वाचनालय वा स्थानीय तहको आवश्यकता अनुसारका अन्य कार्यालय वा कार्यक्रमहरु सञ्चालन गर्न सकिनेछ ।

(३) समायोजन भै सञ्चालनमा नरहेका विद्यालय भएको स्थानमा भविष्यमा पुनः विद्यालय सञ्चालनका लागि न्यूनतम विद्यार्थी सङ्ख्या भएमा र विद्यालय आवश्यक देखिएमा विद्यालय सञ्चालन गर्न गाउँपालिकाले अनुमति दिन सक्नेछ ।

परिच्छेद–३

भौतिक, शैक्षिक व्यबस्थापन र अनुदान सम्बन्धी व्यवस्था

६. विद्यालय समायोजन पछि गर्नुपर्ने भौतिक व्यबस्थापन: (१) विद्यालय समायोजन वा गाभिएपछि उक्त विद्यालयमा रहेका फर्निचर, पाठ्यसामग्री लगायतका अन्य शैक्षिक सामग्री गाभिएको विद्यालयको नाममा जिन्सी दाखिला गर्नुपर्नेछ ।

नरेन्द्र यादव
प्रमुख प्रशासकीय अधिकृत

फरीउद्दीन मुसलमान
मायादेवी गा.पा.अ.

Galaxy Jump2

(२) विद्यालय समायोजन वा गभिएपछि गाभिएको विद्यालयमा रहेका शैक्षिक प्रयोजनमा काम नलाग्ने पुराना शैक्षिक सामग्री र माल सामानको विवरण तयार गरी त्यस्ता माल सामानको सालाखाला न्यूनतम् मूल्य कायम गरी आवश्यक कारबाहीका लागि विद्यालय ब्यवस्थापन समितिले समर्थन गरेको मूल्यमा लिलाम गरी प्राप्त हुन आएको रकम विद्यालयको कोषमा जम्मा गर्नु पर्नेछ।

(३) विद्यालय समायोजन वा गाभिएपछि गाभिएको विद्यालयको आय आर्जनमा प्रयोग भएका जग्गा जमिनमा कृषि, पशुपालन, ब्यावसायिक खेती गरिएको रहेछ भने त्यसको निरन्तरताको लागि गाभिएको विद्यालयले गाभिने विद्यालयमा योजना सहित पेश गर्नुपर्नेछ।

(४) अनुमति वा स्वीकृति रद्द गरिएको वा बन्द गरिएको विद्यालयको चल अचल सम्पत्ति गाउँ शिक्षा समितिको सिफारिसमा नजिकको विद्यालय वा गाभिएको विद्यालयले प्रयोग गर्न पाउने छ।

७. प्रोत्साहन अनुदान दिइनेः (१) दुई वा दुईभन्दा बढी विद्यालय एक आपसमा सामयोजन भई गाभिएमा त्यसरी गाभिएका विद्यालयको भौतिक एवम् शैक्षिक सुविधा व्यवस्थापनको लागि एक पटकका लागि मातृ विद्यालयलाई प्रोत्साहन अनुदान उपलब्ध गराइने छ।

(२) विद्यालय समायोजन वा गभिएपछि उक्त विद्यालयमा भवन, शौचालय, फर्निचर आदि निर्माण गर्न अत्यावश्यक भएमा उक्त कार्यको लागि संघ, प्रदेश वा गाउँपालिकामा भौतिक सुविधा विस्तारको शीर्षकमा आउने अनुदान पहिलो प्राथमिकता क्रममा उपलब्ध गराउनु पर्नेछ।

८. विद्यालय समायोजन पछि गर्नु पर्ने शैक्षिक व्यबस्थापनः (१) विद्यालय समायोजन पछि वा तह वा कक्षा घटाइएपछि विद्यालयमा आवश्यक्ता भन्दा बढी भएका शिक्षकलाई गाउँपालिकाले पुल दरवन्दीमा राखी अर्को व्यवस्था नभए सम्मको लागि समायोजन भएकै वा गाभिएकै विद्यालयमा कामकाज गर्न लगाउन सकिने छ।

(२) गाभिएको विद्यालयमा आवश्यक भन्दा बढी शिक्षक सङ्ख्या रहन गएमा नजिकैको पायक पर्ने विद्यालयहरूमा वा पालिकाभित्रका अन्य विद्यालयहरुमा आवश्यकता आधारमा गाउँ कार्यपालिकाको सिफारिसमा पदस्थापन गरिनेछ।

(३) विद्यालय समायोजन गर्दा बन्द भएका स्वीकृत प्राप्त विद्यालयको तहगत सङ्ख्या गाउँपालिकाको पुलमा रहने छ। त्यसरी पुलमा रहेको विद्यालय सङ्ख्यामा नबढाई गाउँपालिकाभित्र नक्साङ्कनका आधारमा विद्यालय खोल्न आवश्यक देखिएमा र पुर्वाधार पूरा भएको खण्डमा गाउँ कार्यपालिकाले विद्यालय सञ्चालनको लागि अनुमति दिन सक्नेछ।

९. विद्यालय समायोजन पछि गर्नुपर्ने अन्य व्यबस्थापनः (क) विद्यालय समायोजनपछि समायोजन भई जाने विद्यालयको कर्मचारी समेत स्वतः समायोजन भएको मानिनेछ। समायोजन हुने विद्यालयको कर्मचारीको व्यवस्थापन अर्को व्यवस्था नहुञ्जेलसम्म गाभिएर जाने विद्यालयमा नै करारमा व्यवस्थापन गर्न सो अनुदान कोटा गाउँपालिकाको पुलमा

नरेन्द्र थापा
प्रमुख प्रशासकीय अधिकृत

वलीउद्दीन सुसल
गाबदेवी गा.पा.

Galaxy Jump2

राखिनेछ । सो वडामा वा नजिकको वडाको कुनै विद्यालयको उही पदको कर्मचारीको पद अनिवार्य अवकाश वा अन्य कारणले रिक्त भएमा त्यस्ता फाजिलमा रहेका कर्मचारीलाई व्यवस्थापन गरी पुलमा रहेको अनुदान कोटा स्वतः खारेजी हुनेछ ।

परिच्छेद- ४

शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन सम्बन्धी व्यवस्था:

१०. दरबन्दी मिलानका आधारहरु: (१) शिक्षक तथा विद्यालय कर्मचारी मिलान तथा व्यवस्थापनमा देहायका आधारहरु लिइनेछः

(क) समितिले नियमावलीमा उल्लेखित तराईका लागि कायम गरेको शिक्षक विद्यार्थी अनुपात र सो नियमावलीको अनुसूचि-१२ मा उल्लेख भएको विद्यालयमा हुनुपर्ने दरबन्दी समेतका आधारमा सम्वत् २०८२ को जेठ मसान्तसम्म अनलाइन प्रणालीबाट भरिएको शैक्षिक तथ्याङ्क तथा विद्यालयमा शैक्षिक सत्र २०८२ को प्रथम त्रैमासिक परीक्षामा सहभागि भएका विद्यार्थी एवम् नियमित विद्यालयमा उपस्थित विद्यार्थी संख्यालाई सत्यापन गरी यथार्थ विद्यार्थी संख्याका आधारमा प्रारम्भिक बालविकास कक्षादेखि कक्षा ५ सम्म संचालन भएका विद्यालयमा न्यूनतम प्रति कक्षा १ जना शिक्षक रहने गरी र माथिल्लो कक्षाहरुमा विषयगत रुपमा शिक्षक व्यवस्थापन गर्ने कार्यलाई अगाडी बढाउनेछ । शिक्षक विद्यार्थी अनुपात कम भएका शिक्षकहरुलाई दरबन्दी कम भएका वा कुनै प्रकारको दरबन्दी नभएका विद्यालयहरुमा शिक्षक व्यवस्थापन गर्न दरबन्दी मिलानका देहायका आधारहरु लिईनेछ । यस गाउँपालिका विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपात १: ५० लाई दरबन्दी मिलानको आधारको रुपमा लिइनेछ ।

(ख) विद्यालयमा रहने दरबन्दी कायम गर्दा शिक्षा नियमावलीको अनुसूचि-१२ लाई मुख्य आधारको रुपमा लिई अन्य कुरा गाउँपालिकाको अवस्था समेतलाई विचार गरी देहाय अनुसार कायम गरिने छ ।

क्र.सं.	कक्षा	न्यूनतम् शिक्षक संख्या	न्यूनतम विद्यार्थी संख्या (जना)	कैफियत
१	बालविकास केन्द	१	२०	प्रति विद्यालय न्यूनतम २० वा सो भन्दा कम भएतापनि १ जना बालविकास सजहकर्ता रहने
२	१–३	२	५०	५० वा सो भन्दा कम भएता पनि न्यूनतम २ जना शिक्षक रहने
३	१–५	३	५० भन्दा माथि १०० भन्दा कम	
४.	१-५	५	१०० भन्दा बढी भए	प्रति कक्षा १ जना
४	६–८	४	प्रति कक्षा ५०	अंग्रेजी, नेपाली, गणित वा विज्ञान, सामाजिक
५	९–१०	५	प्रति कक्षा ५०	अंग्रेजी, नेपाली, गणित, विज्ञान र सामाजिक
६	११-१२	३	प्रति कक्षा ५०	भाषा, गणित र विज्ञान र सामाजिक अनिवार्य तथा ऐच्छिक विषय

वलीउद्दीन
मायादेवी गा.पा.अध्यक्ष

नरेन्द्र
प्रमुख प्रशासकीय अधिकृत

Galaxy Jump2

(ग) आधारभूत तह कक्षा ६-८ र माध्यमिक तह कक्षा ९-१२ मा शिक्षक विद्यार्थी अनुपात कम भएको अवस्थामा समेत विद्यालय समायोजन तथा एकीकरण नहुँदासम्म खण्ड (ख) मा उल्लेखित शिक्षक संख्याका आधारमा विषयगत रुपमा शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन गरिने छ ।

(घ) दरबन्दी मिलान तथा व्यवस्थापनको क्रममा खण्ड (ख) मा उल्लेखित आधारमा न्यूनतम शिक्षक दरबन्दी व्यवस्थापन भई बढी भएका शिक्षक दरबन्दीलाई गाउँपालिकाभित्रको कम दरबन्दी वा शून्य दरबन्दी भएका विद्यालयहरुमा व्यवस्थापन गरिनेछ ।

(ङ) गाउँपालिकाबाट शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन गर्दा नेपाल सरकारबाट दरबन्दी पुनर्वितरण नहुँदासम्म दरबन्दी, राहत अनुदान, संघिय शिक्षण सिकाइ अनुदान, गाउँपालिका शिक्षण सहयोग अनुदान, स्वयंसेवक शिक्षक तथा विद्यालय कर्मचारीलाई समेत गणना गरी मिलान तथा पालिकाभित्र व्यवस्थापन गरिनेछ ।

(च) कुनै विद्यालयमा माथिल्लो तहमा दरबन्दी अपुग भएको अवस्थामा तल्लो तहमा बढी भएको दरबन्दी एकमुष्ठ गणना गरी खण्ड (ख) बमोजिम न्यूनतम दरबन्दी सुनिश्चित गरिनेछ ।

(छ) एउटा विद्यालयमा बढी भएको दरबन्दी वा अनुदानमा कार्यरत शिक्षकलाई पालिकाभित्रको अर्को विद्यालयमा व्यवस्थापन गर्दा विद्यालयको विषयगत आवश्यकता, विषयको दोहोरोपना, र नियुक्तीका आधारमा कनिष्ठतालाई प्राथमिकता दिइनेछ ।

(ज) शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन गर्दा अपुग भएका शिक्षक नेपाल सरकारबाट दरबन्दी पुनर्वितरण नहुँदासम्मका लागि गाउँपालिकाको स्रोतबाट स्वयंसेवक शिक्षक तथा शिक्षण सहयोग अनुदानको रुपमा व्यवस्थापन गरी पूर्ति गरिनेछ ।

(झ) खण्ड(ख) मा उल्लेखित न्यूनतम शिक्षक दरबन्दी व्यवस्थापन भई कक्षामा विद्यार्थी संख्या बढी भई कक्षा(सेक्सन) थप गर्नुपर्ने भएमा न्यूनतम विद्यार्थी संख्याको कम्तिमा ५० प्रतिशत विद्यार्थी थप हुने देखिएमा सोही अनुसार कक्षा थप गरी आवश्यक भएमा शिक्षक समेत व्यवस्थापन गरिनेछ ।

(ञ) नियमावली अनुसार योग्यता भएका शिक्षकलाई प्रधानाध्यापकको रुपमा व्यवस्थापन गर्न र योग्यता नपुगेमा तहगत वरिष्ठताका आधारमा निमित्त प्रधानाध्यापकको रुपमा व्यवस्थापन गर्न विद्यालय व्यवस्थापन समितिलाई उत्तरदायी बनाइने छ । दरबन्दी मिलानका क्रममा समेत प्रधानाध्यापक व्यवस्थापनलाई जोड दिईनेछ ।

(ट) अन्यत्र जुनसुकै कुरा लेखेको भएतापनि समितिले आवश्यकता महसुस गरेमा समितिको सिफारिसमा गाउँपालिकाले पालिकाभित्र आवश्यकताका आधारमा देहाय अनुसार शिक्षक तथा कर्मचारी एक विद्यालयबाट अर्को विद्यालयमा सरुवा गरी व्यवस्थापन गर्नेछ;-

नरेन्द्र यादव
प्रमुख प्रशासकीय अधिकृत

Galaxy Jump2

१) दुई वर्षसम्म एउटै विद्यालयमा कार्यरत शिक्षक तथा विद्यालय कर्मचारीलाई पालिकाभित्रको अन्य विद्यालयमा सरुवा गरी व्यवस्थापन गरिने छ।

२) विषयगत रुपमा एकै विषयका एक भन्दा बढी शिक्षक भएमा शिक्षकको इच्छा वा शिक्षकको नियुक्तीको कनिष्ठताका आधारमा अर्को विद्यालयमा व्यवस्थापन गरिनेछ।

३) प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिको संझौता तथा शिक्षक, कर्मचारी तथा प्रधानाध्यापकबीचको संझौता अनुसार कार्यसम्पादन कमजोर भई विद्यार्थीको सिकाइमा क्षति हुने देखिएमा समितिले अध्ययन गरी सरुवाका लागि सिफारिस गर्न सक्नेछ।

४) स्थायी दरबन्दी नभएका विद्यालयमा सकेसम्म दरबन्दी मिलान तथा व्यवस्थापन गर्दा दरबन्दी सहित शिक्षक सरुवा गरिनेछ।

५) एक विद्यालयमा दुई वर्षसम्म कार्यरत रही आफुले अध्यापन गरेको विषयमा दुई शैक्षिक सत्रको औषत सिकाइ उपलब्धि कमजोर आइ विद्यार्थीहरुको सिकाइमा क्षति हुने अवस्था भएमा समितिले पालिकाभित्रको अर्को विद्यालयमा सरुवा गरी व्यवस्थापन गर्नेछ।

६) स्वीकृत दरबन्दी नभएका सामुदायिक विद्यालयमा सकेसम्म एक दरबन्दी सहित शिक्षक सरुवा गरी दरबन्दी भएको विद्यालयमा शिक्षक कम हुने देखिएमा अन्य माध्यमबाट शिक्षक व्यवस्थापन गरिनेछ।

परिच्छेद-५
पुलमा रहेको दरबन्दी व्यवस्थापनः

११. पुल दरबन्दी सम्बन्धी व्यवस्थाः दफा १० बमोजिम तोकिएको शिक्षक विद्यार्थी अनुपात र आधारभूत तह कक्षा ६-८ र माध्यमिक तहमा विषयगत आधारमा बढी भएको शिक्षक दरबन्दीलाई पुल दरबन्दीको रुपमा राखिनेछ।

१२. माथिल्लो तहमा गणना हुने पुल दरबन्दीः दफा ११ बमोजिमको पुल दरबन्दीलाई सोही विद्यालय तथा गाउँपालिकाको अन्य विद्यालयको आधारभूत कक्षा ६-८ र माध्यमिक तह(कक्षा ११ र १२ समेत) मा शिक्षक दरबन्दी अपुग भएको अवस्थामा त्यसरी बाँकी भएको पुल दरबन्दी मध्ये माथिल्लो तहमा आवश्यक हुने दरबन्दी समेतलाई गणना गरि मिलान तथा व्यवस्थापन गरिनेछ।

वलीउद्दीन मुसलमान
अध्यक्ष

नरेन्द्र यादव
प्रमुख प्रशासकीय अधिकृत

alaxy Jump2

१३. खुद पुल दरबन्दी अन्यत्र पठाउने: गाउँपालिकाले आफ्नो विद्यालयको लागि यकीन भएको दरबन्दी आफ्नो क्षेत्रको एक विद्यालयबाट अर्को विद्यालयमा मिलान तथा व्यवस्थापन गरी बाँकी रहेको दरबन्दी इकाइमाफर्त स्थानान्तरणका लागि आवश्यक समन्वय गर्नेछ ।

परिच्छेद–६

विद्यालय समायोजन , एकीकरण तथा दरबन्दी मिलान तथा व्यवस्थापनमा विभिन्न निकायहरुको भूमिका

१४. गाउँ कार्यपालिकाको भूमिका: विद्यालय समायोजन,एकीकरण तथा दरबन्दी मिलान तथा व्यवस्थापनमा गाउँ कार्यपालिकाको भूमिका देहाय बमोजिम हुनेछः-

(क) विद्यालय समायोजन,एकीकरण तथा दरबन्दी मिलान तथा व्यवस्थापनका लागि तोकिए अनुसारको एक समिति गठन गर्ने,

(ख) विद्यालय समायोजन,एकीकरण तथा दरबन्दी मिलान तथा व्यवस्थापन सम्बन्धी कार्यमा आवश्यक समन्वय, सहकार्य र निर्णय गर्ने

(ग) गाउँपालिकाभित्र रहेका शिक्षक दरबन्दी तथा गाउँपालिका अनुदानमा रहेका शिक्षकलाई शिक्षा ऐन तथा नियमावली र यस कार्यविधिमा तोकिएको आधारमा प्राथमिक तहमा विद्यार्थी संख्या र अन्य तहमा विषयगत आधारमा मिलान तथा आवश्यक शिक्षक पुनर्वितरण गर्ने,

(घ) विद्यालय समायोजन,एकीकरण तथा दरबन्दी मिलान तथा व्यवस्थापन सम्बन्धमा समितिले गरेका सिफारिसहरु स्वीकृत गर्ने,

(ङ) विद्यालय समायोजन,एकीकरण तथा दरबन्दी मिलान तथा व्यवस्थापनका लागि इकाइसँग आवश्यक समन्वय र सहयोग लिने,

(च) पालिकाभित्र दरबन्दी मिलान तथा यस कार्यविधिमा उल्लेखित व्यवस्थाहरुको कार्यान्वयन गर्दा स्थानान्तरण गरिएका शिक्षकहरुको व्यवस्थापन गर्ने र सोको जानकारी इकाइ तथा केन्द्रमा गर्ने,

(छ) केन्द्रबाट वितरित दरबन्दी नपुग भएमा पछि अर्को व्यवस्था भएमा सोही अनुसार हुने गरी हाललाई आफ्नै स्रोतबाट शिक्षक तथा कर्मचारीको व्यवस्था गर्ने,

नरेन्द्र यादव
प्रशासकीय अधिकृत

Galaxy Jump2

(ज) केन्द्र, प्रदेश तथा इकाइले विद्यालय समायोजन,एकीकरण तथा दरबन्दी मिलान तथा व्यवस्थापनका लागि अनुरोध गरी आएका विषयवस्तुहरुमा सहयोग र सहजीकरण गर्ने ,

(झ) विद्यालय समायोजन,एकीकरण तथा दरबन्दी मिलान तथा व्यवस्थापन सम्बन्धमा समितिलाई आवश्यक निर्देशन तथा कार्यादेश दिने,

१५. विद्यालय समायोजन,एकीकरण तथा दरबन्दी मिलान तथा व्यवस्थापन समिति:

(१) विद्यालय समायोजन, एकीकरण तथा दरबन्दी मिलान तथा व्यवस्थापन कार्यलाई प्रभावकारी कार्यान्वयनका लागि आवश्यक अनुगमन, समन्वय, सहजीकरण एवम् सिफारिस गर्न एक समिति रहनेछ।

(२) उपदफा(१) बमोजिमको समितिको गठन देहाय बमोजिम हुनेछः-

(क) अध्यक्ष, गाउँपालिका - संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) मायादेवी गाउँपालिका अन्तर्गत रहेका आठ वडाका वडाध्यक्षहरु -सदस्य

(घ) शिक्षा अधिकृत - सदस्य- सचिव

(३) समितिको बैठकमा आवश्यकता अनुसार विद्यालयका शिक्षक तथा कर्मचारी , गाउँपालिका शिक्षक महासंघ अध्यक्ष वा प्रतिनिधि, इकाइ प्रमुख वा प्रतिनिधिलाई आमन्त्रण गर्न सकिनेछ।

(४) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(५) समितिको बैठक आवश्यकताअनुसार बस्नेछ र बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(१६) समितिको काम, कर्तब्य र अधिकार: दफा १५ बमोजिम गठन भएको समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) विद्यालय समायोजन,एकीकरण तथा दरबन्दी मिलान तथा व्यवस्थापन सम्बन्धमा आवश्यक निर्णय तथा सिफारिस गर्ने ,

(ख) कार्यविधिमा उल्लेखित व्यवस्थाहरुको कार्यान्वयनका लागि आवश्यक समन्वय र सहजीकरण गर्ने,

(ग) शिक्षक दरबन्दी मिलान तथा विद्यालय समायोजन तथा एकिकरणका लागि इकाइ तथा गाउँ कार्यपालिकासँग समन्वय तथा आवश्यक सुझाव लिने,

Galaxy Jump2

(घ) शिक्षक दरबन्दी तथा शिक्षक स्थानान्तरणका लागि आवश्यक सिफारिस गर्ने,

(ङ) शिक्षक दरबन्दी मिलान तथा नपुग शिक्षक व्यवस्थापनका लागि गाउँपालिकालाई सिफारिस गर्ने,

(च) विद्यालय समायोजन,एकीकरण तथा दरबन्दी मिलान तथा व्यवस्थापन सम्बन्धमा सरोकारवालासँग आवश्यक छलफल, अन्तर्क्रिया गर्ने,

१७. विद्यालय व्यवस्थापन समितिको जिम्मेवारी: (१) विद्यार्थी संख्या कम भई विद्यालयमा शिक्षक व्यवस्थापन गर्न असजिलो भएको भनि आफ्नो विद्यालयको सेवा क्षेत्रभित्रका बालबालिकाहरुको पहुँच विद्यालयमा सहज हुने गरी नजिकको विद्यालयमा समायोजन गर्ने तथा तह वा कक्षा घटाउने निर्णय गर्ने वा गाउँ शिक्षा समितिलाई राय पेश गर्ने तथा विद्यालय समायोजन तथा दरबन्दी मिलान सम्बन्धी कार्यमा सहयोग गर्नु विद्यालय ब्यवस्थापन समितिको दायित्व हुनेछ।

१८. वडा शिक्षा समितिको काम: (१) विद्यालय समायोजन वा एकिकरण सम्बन्धी कार्यक्रम कार्यान्वयनका लागि आफ्नो वडाभित्रका विद्यालयहरूको अवस्था अध्ययन गरी विद्यालय समायोजन र दरबन्दी मिलान सम्बन्धमा बैठक, छलफल र अन्तक्रिया कार्यक्रम सञ्चालन गरी सुझावहरु संकलन गर्ने।

(२) वडा शिक्षा समितिले वडाभित्र विद्यालय समायोजन र दरबन्दी मिलानको अवस्था बिश्लेषण गरी विद्यालय समायोजन तथा दरबन्दी मिलान गर्न सिफारिस गर्नु पर्नेछ।

१९. गाउँ शिक्षा समितिको काम: (१) विद्यालय समायोजन वा गाभ्ने सम्बन्धी कार्यक्रम कार्यान्वयनका लागि आफ्नो गाउँपालिकाभित्रका विद्यालयहरूको अवस्था अध्ययन गरी विद्यालय समायोजन रं दरबन्दी मिलान सम्बन्धमा बैठक, छलफल र अन्तक्रिया कार्यक्रम सञ्चालन गरी सुझावहरु संकलन गर्ने,

(२) विद्यालय नक्सांकनका आधारमा तोकिएका स्थानमा विद्यालय सञ्चालन गर्ने गराउने कार्यका लागि सम्वन्धित सरोकारवालाहरूको सहकार्यमा विद्यालय रहने स्थान निर्धारण गरी त्यस्तो स्थानको जग्गाको स्वामित्व विद्यालयका नाममा कायम गर्न निर्णय गर्ने ,

(३) विद्यालय व्यवस्थापन समिति र विद्यालयहरूसँग परामर्श एवम् छलफल गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अन्य प्रचलित ऐन तथा नियमावलीले दिएको अधिकारका आधारमा दरबन्दी मिलान तथा विद्यालय समायोजन गर्ने सम्बन्धमा आवश्यक सिफारिस गर्ने,

अलीउद्दीन मुसलमान
मायादेवी गा.पा.अध्यक्ष

नरेन्द्र यादव
प्रमुख प्रशासकीय अधिकृत

Galaxy Jump2

परिच्छेद –७

विविध

२०. शिक्षक तथा कर्मचारी स्थानान्तरण भएको स्थानमा जानुपर्ने: यस कार्यविधि बमोजिम स्थानान्तरण भएका शिक्षक तथा कर्मचारीहरु प्रचलित कानुनले तोकेको समयभित्र स्थानान्तरण भएको विद्यालयमा अनिवार्य रुपमा हाजिर हुनु पर्नेछ ।यसरी तोकिएको समयमा हाजिर हुन नजाने शिक्षक तथा कर्मचारीहरुलाई सम्बन्धित विद्यालयले हाजिर गराउन बाध्य हुने छैन ।

२१. विद्यालयले अनिवार्य रुपमा हाजिर गराउनु पर्ने: दरबन्दी सहित वा यस कार्यविधि बमोजिम स्थानान्तरण भई आएका शिक्षकलाई विद्यालयले अनिवार्य रुपमा हाजिर गराउनु पर्नेछ ।

२२. प्रधानाध्यापक जिम्मेवार हुने: यस कार्यविधि बमोजिम दरबन्दी मिलान तथा व्यवस्थापनको सिलसिलामा स्थानान्तरण भई आएका शिक्षक तथा कर्मचारीहरुलाई विद्यालयमा हाजिर गराउने तथा स्थानान्तरण भई अन्यत्र जाने शिक्षक तथा कर्मचारीलाई रमाना दिने जिम्मेवारी सम्बन्धित विद्यालयको प्रधानाध्यापकको हुनेछ ।

२३. आवश्यक सहयोग, समन्वय र सहजिकरण गर्ने: विद्यालय समायोजन, एकिकरण तथा दरबन्दी मिलान तथा व्यवस्थापनको सन्दर्भमा आफ्नो विद्यालयबाट दरबन्दी कट्टा हुने अवस्था भएमा वा आफ्नो विद्यालयमा शिक्षक स्थानान्तरण भई आएमा उक्त कार्यका लागि सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समितिले आवश्यक सहयोग, समन्वय र सहजीकरण गर्नु पर्नेछ ।

२४. कार्यविधि संशोधन:

गाउँ कार्यपालिकाले सरोकारवाला निकाय वा व्यक्तिहरूको परामर्शमा यस कार्यविधिमा संशोधन गर्न सक्नेछ ।

२५. बाझिएमा गर्ने: यस कार्यविधिको व्यबस्था ऐन तथा नियमावलीसँग बाझिएमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र गाउँ शिक्षा नियमावली बमोजिम भएको हुनेछ ।

२६. व्याख्या: यस कार्यविधिमा भएका व्यबस्थाको व्याख्या गाउँ कार्यपालिकाबाट हुनेछ र कार्यपालिकाबाट भएको व्याख्या नै अन्तिम हुनेछ ।

अलीउद्दीन मुसलमान
मायादेवी गा.पा.अध्यक्ष

नरेन्द्र यादव
प्रमुख प्रशासकीय अधिकृत

Galaxy Jump2